# श्रीमान् गभर्नरज्यूद्वारा सम्बद्ध कसुर जानकारी पुस्तिका बिमोचन

गभर्नर महाप्रसाद अधिकारीद्वारा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसँग सम्बन्धित सम्बद्ध कसुर जानकारी पुस्तिका बिमोचन गर्नुभयो । वित्तीय जानकारी इकाईले २०७८ चैत्र १४ गते काठमाडौंमा आयोजना गरेको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका सम्बन्धमा नियमनकारी तथा सुपरिवेक्षकीय निकायहरुसँग गरेको अन्तरक्रिया कार्यक्रममा उक्त पुस्तिका बिमोचन गर्नुभएको हो ।



ऐनको अनुसूचीमा उल्लेख भएका ३२ वटा कसुरहरुका बारेमा आधारभूत जानकारी प्रदान गर्ने उद्देश्यले यो सम्बद्ध कसुर सम्बन्धी जानकारी पुस्तिका तयार पारिएको हो। यस पुस्तिकामा प्रत्येक सम्बद्ध कसुरका बारेमा अवधारणा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था, संस्थागत संरचना, Red Flags तथा सम्पत्ति शुद्धीकरण विधि सम्बन्धी जानकारी समावेश गरिएको छ। यस पुस्तिका सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको क्षेत्रमा काम गर्ने अनुसन्धानकारी निकाय, नियमनकारी निकाय, सूचक संस्था लगायत अन्य सम्पूर्ण सरोकारवाला निकाय तथा व्यक्तिहरुको लागि जानकारी मूलक सामाग्री हुने अपेक्षा गरिएको छ ।